# स्थानीय राजपत्र

## सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८, संख्याः ७, असार २३ गते, २०८१ साल**


**भाग२-**

## सरुमारानी गाउँपालिका

## “बाल संरक्षण नीति तथा बालअधिकार प्रवर्द्धन र संरक्षण सम्बन्धी कार्यविधि, २०८१”

स्वीकृत मितिः २०।३।४१२२

प्रमाणिकरण मितिः२०।३।४१२३

### पृष्ठभुमी

सरुमारानी गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वलय निर्देशिका एवं घोषणा कार्यविधिहरुको कार्यान्वयन गर्दै बालबालिका सम्बन्धी ऐन, नियम, स्थानीय सरकार संचालन ऐनमा भएको बालबालिका प्रतिको कर्तव्यलाई आत्मसाथ गर्दै बालमैत्री गाउँपालिका घोषणाको लागि निरन्तर कार्य गरिरहेको छ । बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्दै बालमैत्री स्थानीय तह घोषणा र दिगोपनको क्रममा बालबालिकाहरुलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकरात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट जोगाउनु तथा उनीहरुमाथि हुने सबै खालका हानीहरुबाट जोगाउनु अत्यन्त आवश्यक हुन्छ । बालबालिकाको चौतर्फी विकासमा बाधक बन्न सक्ने हरेक किसिमको भेदभाव, दुर्व्यवहार, यातना वा हिंसा, यौन शोषण,बेचविखन र ओसारपसार, बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याइ, अपहरण, बालश्रम शोषण तथा आर्थिक शोषण, बालविवाह आदि बाट संरक्षण गर्न र सरुमारानी गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, संवर्द्धन र परिपूर्ति गर्ने उद्देश्यले नेपालको संविधान तथा प्रचलित कानून, सम्बन्धित प्रदेश र स्थानीय तहको ऐनका व्यवस्था कार्यान्वयन गर्न, गराउन एवं बालमैत्री स्थानीय

शासनको प्रवर्द्धन गर्न छुट्टै कार्यविधि बनाई कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सरुमारानी गाउँकार्यपालिकाले यो नीति तथा कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १ :
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नीति तथा कार्यविधिको नाम "बाल संरक्षण नीति तथा बालअधिकार प्रवर्द्धन र संरक्षणसम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो नीति तथा कार्यविधि सरुमारानी गाउँकार्यपालिकाले पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अध्यक्ष" भन्नाले सरुमारानी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले सरुमारानी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(घ) "नीति तथा कार्यविधि" भन्नाले बाल संरक्षण नीति तथा बालअधिकार प्रवर्द्धन र संरक्षण सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम सरुमारानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा उक्त हैसियतमा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ज) "बालकल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम सरुमारानी गाउँपालिकामा नियुक्त भएको वा सो हैसियतमा कार्य गर्न तोकिएको अधिकारी सम्झनु पर्छ ।

(झ) "बालगृह" भन्नाले ऐनको दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ ।

(ञ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ट) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ढ) "समाजसेवी वा बालमनोविज्ञ" भन्नाले नियमावलीको नियम ८३ बमोजिमको योग्यता पुगी गाउँपालिकामा सुचीकृत भई नियुक्त समाजसेवी वा बालमनोविज्ञ सम्झनु पर्छ ।

(ड) “समिति” भन्नाले यस कार्यविधिको दफा २२ बमोजिम गठन भएको गाउँपालिकास्तरीय बालअधिकार समिति सम्झनु पर्छ ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस नीति तथा कार्यविधिअन्तर्गत बनेको नियम वा मापदण्डअनुरूप तोकिएको सम्झनु पर्छ ।

## परिच्छेद- २
## उद्देश्य तथा सिद्धान्त

३. **उद्देश्य :** यस नीति तथा कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) नेपालको संविधान तथा संघीय, प्रादेशिक एवं गाउँपालिकाको ऐनमा भएका बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने, गराउने;

(ख) बालमैत्री स्थानीय शासन अवलम्बन एवं तत्सम्बन्धी प्रक्रिया पूरा गरी गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने, गराउने;

(ग) बालबालिकामाथि हुन सक्ने सबै प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणको अन्त्य गर्ने र जोखिममा रहेका एवं पीडित वा प्रभावित बालबालिकाको संरक्षण सुनिश्चित गर्ने, गराउने । यसका लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने; र

(घ) बालबालिकासँग सम्बन्धित विषयमा उनीहरुको सहभागिता अभिवृद्धि गर्ने, गराउने ।

४. **आधारभूत सिद्धान्त :** बालबालिकाका अधिकारको प्रवर्द्धन तथा बालसंरक्षण सुनिश्चित गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछ :

(क) मर्यादापूर्ण जीवनको सम्मान :बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतमा उनीहरूको प्रतिष्ठा एवं मर्यादाको सम्मान गर्ने, गराउने ।

(ख) सर्वाङ्गीण विकासको सुनिश्चितता : प्रत्येक बालबालिकालाई उनीहरूको अन्तर्निहीत प्रतिभा, क्षमता र सम्भाव्यताको प्रस्फुटन हुन दिन अधिकतम अवसर उपलब्ध गराउने ।

(ग) सहभागिता र विचारको सम्मान : बालबालिकासँग सम्बन्धित विषयमा गरिने कुनै पनि निर्णय प्रक्रियामा उनीहरूका भावना एवं विचार अभिव्यक्त गर्ने अवसर दिई त्यसरी व्यक्त विचारको उचित सम्मान गर्ने, गराउने ।

(घ) हानिबाट बालबालिकाको संरक्षणको सुनिश्चितता : बालबालिकालाई कुनै पनि प्रकारका भेदभाव (बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात-जाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, भौगोलिक क्षेत्र, सम्पत्ति, अपाङ्गता, जन्म वा यस्तै अन्य आधारमा हुने), हिंसा, दुर्व्यवहार, शोषण (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत), परम्परागत हानिकारक अभ्यास र बेवास्ताबाट जोगाई उनीहरूको संरक्षण सुनिश्चित गर्ने ।

(ङ) बालबालिकाको सर्वोत्तम हित : बालबालिकासँग सम्बन्धित कुनै निर्णय गरिँदा उनीहरूको सर्वोत्तम हितलाई प्राथमिकता दिने ।

(च) गोपनीयता कायम गरिने : बालबालिकाको जीवनमा गम्भीर एवं नकारात्मक असर पर्ने कुनै पनि घटनामा नामसहित पहिचान खुल्ने व्यक्तिगत विवरण प्रकाशन गर्दा, गराउँदा प्रचलित कानूनबमोजिम गोपनीयता कायम गरिने ।

## परिच्छेद-३ :
## बालअधिकारको प्रवर्द्धन गर्ने दायित्वसम्बन्धी व्यवस्था

**५. बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण गर्नु पर्ने :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको अधिकार प्रवर्द्धन एवं बालसंरक्षण कार्यका लागि ऐनको दफा ३ देखि १५ मा उल्लिखित बालबालिकाको अधिकार तथा दफा १६ देखि १९ बमोजिम बालबालिकाप्रतिको दायित्व निर्वाह गर्नु पर्नेछ ।

**६. बालबालिकाको जन्मदर्ता, खोप, स्वास्थ्य सेवा, पोषणको व्यवस्था गर्नुपर्ने** :(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको प्रचलित कानूनबमोजिम जन्मदर्ता सुनिश्चित गर्न सरल, पहुँचयोग्य एवं उपयुक्त व्यवस्था अवलम्बन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका गभर्वती महिला, सुत्केरी आमा, नवजात शिशु र बालबालिकाका लागि नेपाल सरकारले निर्धारण गरेका खोप, स्वास्थ्य सेवा र पोषणसम्बन्धी व्यवस्था उपलब्ध गराउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका खास समूहलाई लक्षित गरी स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम लागु गर्न सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका विद्यालयमा संघीय र प्रदेश सरकारसँग समन्वय गरी विद्यालय नर्स तथा मनोविमर्शकर्ताको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिमको सेवा प्रवाह गर्न गाउँपालिकाले भौतिक पूर्वाधारको व्यवस्था गर्न, जनशक्ति, आवश्यक उपकरण तथा औषधि उपलब्ध गराउन सक्नेछ ।

**७. शिक्षाको अधिकार सुनिश्चित गर्नु पर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सबै बालबालिकालाई उमेर सुहाउँदो हुनेगरी प्रारम्भिक बालविकास केन्द्र वा विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सबै विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न देहायको व्यवस्था गर्नु पर्नेछ :

(क) प्रचलित कानूनबमोजि स्थानीय पाठ्यक्रम लागु गर्नुका साथै मातृभाषामा पठनपाठनको व्यवस्था,

(ख) नियमित रूपमा बालमैत्री पद्धतिअनुरूप पठनपाठनको व्यवस्था,

(ग) बाल पुस्तकालय, बाल सिर्जना केन्द्र, खेलकुदको व्यवस्था,

(घ) विद्यालयमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था,

(ङ) विद्यार्थीलाई लक्षित छात्रवृत्ति वितरणको व्यवस्था, र

(च) विद्यालयमा आवश्यक एवं पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका आर्थिक रूपमा विपन्न परिवारका र विशेष संरक्षणको आवश्यकता भएका विद्यार्थीलाई लक्षित छात्रवृत्ति, निःशुल्क पोशाक, शैक्षिक सामग्री लगायत अन्य सेवा उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयमा ऐनको दफा ५७ बमोजिम बालसंरक्षणसम्बन्धी मापदण्ड लागू गर्न तथा शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई लागू गर्न प्राविधिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

(५) गाउँपालिकाले विद्यालयको शिक्षण-सिकाइ प्रक्रियामा बालबालिकाको सहभागिताको प्रवर्द्धन गर्न मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(६) गाउँपालिकाले विद्यालय छोड्ने दरलाई न्यून बनाउन तथा शिक्षण-सिकाइलाई प्रविधिमैत्री बनाउन विशेष कार्यक्रम लागु गर्न सक्नेछ ।

(७) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयमा विद्यार्थीलाई लक्षित छात्रवृत्ति वितरण भएको यकिन गर्न तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नियमित अनुगमन गर्नु पर्नेछ ।

**८. बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्न सक्ने** :

(१)गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ अनुरूप बालमैत्री स्थानीय शासन अवलम्बन गर्न तथा तत्सम्बन्धी प्रक्रिया एवं तोकिएका सूचक स्थानीय सूचकहरू समेत पूरा गरी बालमैत्री गाउँपालिका घोषणा गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन गरिए पछि अन्य कुराहरूको अतिरिक्त देहायको प्रबन्ध गरिनेछ :

(क) बालअधिकार प्रवर्द्धन तथा बाल संरक्षणको विषयलाई गाउँपालिकाको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गरिने,

(ख) बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गर्न, भएका उपलब्धिबारे वार्षिक रूपमा स्थितिपत्र तयार सहित बाँकी काम पूरा गर्नका लागि कार्यक्रम तर्जुमा गरिने,

(ग) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीलाई बालअधिकार, बालसंरक्षण, बालमैत्री स्थानीय शासन र त्यसका प्रक्रिया एवं सूचकहरूबारे अभिमुखीकरण एवं प्रशिक्षण दिइने,

(घ) समुदाय, वडा तथा गाउँपालिकास्तरमा बालमैत्री स्थानीय शासनको लागि संस्थागत संयन्त्रको विकास गरिने,

(ङ) समुदाय, वडा तथा गाउँपलिकास्तरमा साझेदार तथा सहयोगी निकाय तथा संस्थाको पहिचान गरी कार्यगत सञ्जाल बनाइने,

(च) गाउँपालिका तथा वडाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता प्रवर्द्धन गर्न बालसमुहको बालभेला गरी उनीहरूका विचार लिने तथा सोको उचित सुनुवाइ गरिने,

(छ) बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिका र सबै सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा गाउँपालिकाले तोकेअनुरूप बालमैत्री वा अपाङ्गता भएका बालबालिकामैत्री भएको यकिन गरिने,

(ज) समुदायमा लक्षित रूपमा क्षमता अभिवृद्धि गरी बालअधिकार परिपूर्ति गर्न, बालसंरक्षण सुनिश्चित गर्न तथा सामाजिक कुरीतिविरुद्धको अभियानमा परिचालित गरिने,

(झ) बालबालिकाको लागि लगानी योजना बनाई आवश्यक वजेट विनियोजन गरी सोको प्रभावकारी रूपमा परिचालन गरिने,

(ञ) खण्ड (च) र (छ) बमोजिमको सेवा प्रवाह गर्न, गराउन गाउँपालिकाले मापदण्ड बनाई लागू गर्न तथा सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रलाई तत्सम्बन्धमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने ।

(३) उपदफा (१) बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन गरिएपछि अन्य कुराहरूको अतिरिक्त गाउँपालिकाका विद्यालयमा देहायका प्रबन्ध गरिनेछ :

(क) विद्यालयको भवन एवं परिसर भौतिक रूपमा र विपदको जोखिमबाट सुरक्षित भएको यकिन गर्ने एवं पर्याप्त भौतिक संरचनाको व्यवस्था (पर्खाल वा घेराबारसहित) गरिने,

(ख) लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाइ, स्यानिटरी प्याड तथा प्राथमिक उपचार बाकसको व्यवस्था गरिने,

(ग) खेल मैदानको व्यवस्था तथा सबै उमेर, लिङ्ग र क्षमताका विद्यार्थीलाई उपयुक्त हुने खेलकुद सामग्री एवं पूर्वाधारको व्यवस्था गरिने,

(घ) बालबालिकाविरुद्ध हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, परम्परागत हानीकारक अभ्यास तथा वेवास्ता लगायतका कार्य एवं व्यवहारको रोकथाम गरिने,

(ङ) विद्यालयमा स्वास्थ्य सेवाको प्रबन्ध तथा आवश्यकताअनुरूप विद्यार्थीहरूलाई मनोसामाजिक सहयोग प्रदान गर्ने व्यवस्था गरिने,

(च) पत्रु खाना (जंक फुड) निरूत्साहित गर्ने व्यवस्था गरिने, र

(छ) विद्यालयमा कुनै पनि खालका राजनीतिक गतिविधिमा रोक लगाउने व्यवस्था गरिने ।

(४) उपदफा (१) मा उल्लेखित निर्देशिकाले तय गरेका सूचकहरू तथा बालमैत्री स्थानीय शासन घोषणासम्बन्धी प्रक्रिया पूरा गरी गाउँपालिकालाई 'बालमैत्री गाउँपालिका' घोषणा गरिनेछ ।

**९. बालसंरक्षण सुनिश्चित गर्नु पर्ने** :

(१) गाउँपालिकाले बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण र (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत) र परम्परागत हानिकारक अभ्यास लगायतका हानिबाट संरक्षण गर्न सचेतना एवं रोकथाममूलक कार्यक्रम र अभियान सञ्चालन गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा आधारभूत अधिकारबाट वञ्चित, एचआइभी एड्सबाट सङ्क्रमित एवं प्रभावित लगायत जोखिममा रहेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न रोकथाममूलक, शीघ्र सम्बोधन एवं घटना व्यवस्थापनसम्बन्धी विशेष कार्यक्रम तथा कार्य-प्रक्रिया लागू गर्न सक्नेछ ।

(३) गाउँपालिकाले जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न, संरक्षण गर्न एवं अन्य व्यवस्था गर्न सम्बन्धित निकाय तथा सेवा प्रदायकसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(४) गाउँपालिकाले भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण र (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत) र परम्परागत हानिकारक अभ्यास लगायतका हानिबाट पीडित वा प्रभावित तथा

उपदफा (२) बमोजिमका बालबालिकालाई ऐन तथा नियमावलीमा उल्लिखित सेवाका साथै देहायबमोजिमको सेवा उपलब्ध गराउन सक्नेछ :

(क) आपतकालीन उद्धार तथा राहत,

(ख) मनोसामाजिक परामर्श सेवा,

(ग) पारिवारिक मनोसामाजिक परामर्श सेवा,

(घ) कानूनी परामर्श तथा सहायता,

(ङ) शैक्षिक सहायता,

(च) सीपमूलक तालिम,

(छ) सामाजिक सुरक्षा तथा संरक्षण,

(ज) बाल हेल्पलाइन सेवा,

(झ) खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापको प्रबन्ध ।

(५) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने गाउँपालिकाका सबै सार्वजनिक निकाय, विद्यालय, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रसमेतले बालसंरक्षणसम्बन्धी उजुरी लिन र उजुरीको तत्काल कारबाहीको लागि संस्थागत तहमा ऐनको दफा ५७ बमोजिम बालसंरक्षणसम्बन्धी मापदण्ड निर्माण गरी लागु गर्नु पर्नेछ ।

(६) उपदफा (२), (३), र (५) को प्रावधान लागु गर्न गाउँपालिकाले सम्बन्धित निकाय, विद्यालय, सेवा प्रदायक निकाय वा संस्थालाई प्राविधिक सहयोग उपलब्ध गराउन तथा सहजीकरण गर्न सक्नेछ ।

**१०. बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्नु पर्ने :** (१) गाउँपालिकामा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका वैकल्पिक हेरचाहको आवश्यकता भएमा बालबालिकालाई संरक्षण गर्न ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित प्राथमिकताक्रम अनुरूप हेरचाहको प्रबन्ध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्न नसकिएमा ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (घ) बमोजिम बालगृहमा राखी हेरचाहको प्रबन्ध गर्न सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि प्रचलित कानूनबमोजिम दर्ता भएका एवं अनुमति लिई सञ्चालित बालगृहसँग समन्वय गरी अल्पकालीन हेरचाह एवं संरक्षणको लागि सिफारिस गर्न सकिनेछ ।

(४) उपदफा (२) को प्रयोजनका लागि गाउँपालिकाले ऐन तथा नियमावलीको व्यवस्थाबमोजिम बालगृहको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) बालबालिकाको वैकल्पिक हेरचाहको निर्णय गर्दा बालकल्याण अधिकारीले ऐनको दफा ६२ को उपदफा (२) तथा यस कार्यविधिबमोजिम गाउँपालिकामा नियुक्त समाजसेवीको राय लिनु पर्नेछ ।

(६) बालकल्याण अधिकारीले प्रत्येक वर्षको कार्तिक, फाल्गुण र आषाढ मसान्तभित्र गरी तीन पटक वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अनुगमन गरी नियमावलीको नियम ५७ बमोजिम गर्नु, गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमन गर्दा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको उद्धार गर्नुपर्ने भएमा वा बालबालिकाको संरक्षण गर्ने परिवार वा संस्थाले कारण सहित निज बालबालिकाको हेरचाह एवं संरक्षण गर्न नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष निवेदन दिएमा त्यस्ता बालबालिकाको हकमा अन्य स्वरूपको वैकल्पिक हेरचाहको प्रबन्ध गर्नु पर्नेछ ।

**११. विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी प्रतिवेदन तयार गर्नु पर्ने :** (१) गाउँपालिकाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, उनीहरूको हेरचाह तथा पालनपोषणको अवस्था यकिन गरी बालबालिकाको संरक्षण सुनिश्चित गर्न, हेरचाहको व्यवस्थापन गर्न तथा सेवा सुविधा उपलब्ध गराउन सहयोग पुग्नेगरी वार्षिक प्रतिवेदन तयार गर्ने एवं प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

(२) बालकल्याण अधिकारीले उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्ने एवं अद्यावधिक गर्ने काममा समाजसेवी वा बालमनोविज्ञलाई परिचालन गर्न सक्नेछ ।

**१२. बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्ने :** (१) गाउँपालिका, अन्य सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा सेवा प्रदायकले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राखी काम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालबालिकाको सर्वोत्तम हित अनुरूप कार्य गर्न, गराउन गाउँपालिकाले सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा सेवा प्रदायकलाई प्राविधिक सहयोग एवं क्षमता अभिवृद्धि गर्न सहयोग गर्न सक्नेछ ।

**१३. बालसहभागिता प्रवर्द्धन गर्नु पर्ने :**(१) गाउँपालिकाले बालबालिकासँग सम्बन्धित विषयमा आवधिक र वार्षिक योजना तर्जुमा गर्दाको निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता गराउनेछ ।

(२) बालसहभागिता प्रवर्द्धन गर्नका लागि गाउँपालिकाले देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

(क) बालबालिकासँग सम्बन्धित वा उनीहरूको सरोकारका विषयमा कानूनले निषेध गरेको अवस्थामा बाहेक बालबालिकाले माग गरेको सूचना निःशुल्क उपलब्ध गराउने,

(ख) गाउँपालिकाले बालबालिका वा बालअधिकारसम्बन्धी आफ्नो योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनका चरणमा बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालबाट बालबालिकाको प्रतिनिधित्व गराउने,

(ग) गाउँपालिका, वडा तह वा विद्यालयले बनाउने योजना तथा कार्यक्रममा बालसमुहका प्रतिनिधिसमेत लाई सहभागी गराई बालभेलामार्फत बालबालिकालाई सामुहिक धारणा राख्ने अवसर उपलब्ध गराउने,

(घ) बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालसँग सहकार्य गरी विद्यालय तथा वडास्तरमा सह-शैक्षिक क्रियाकलापहरू सञ्चालन गरी बालसहभागितालाई प्रोत्साहन गरिने,

(ङ) गाउँपालिकामा दर्ता, नवीकरण भएका बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको क्रियाकलाप सञ्चालन गर्न सहजीकरण गर्ने निकाय वा संस्थामार्फत आर्थिक सहयोग उपलब्ध गराइने ।

(३) गाउँपालिकाले बालसहभागिता प्रवर्द्धन गरिँदा देहायका कार्य गर्न, गराउन रोक लगाउन सक्नेछ :

(क) बालबालिकाको अध्ययनमा लगातार बाधा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो कार्यक्रममा बालबालिकालाई सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) आमाबाबु, संरक्षक, विद्यालय, गैरसरकारी संस्था, सरकारी निकाय वा राजनीतिक दलको अभिष्ट पूरा गर्न बालबालिकाको हितविपरित ऱ्याली, जुलुस, सभामा सहभागी गराउन,

(घ) आमाबाबु, संरक्षक, विद्यालय, गैरसरकारी संस्था, सरकारी निकायले कानूनबमोजिम आफूले गर्नुपर्ने काम बालबालिकालाई गराउन वा बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालमार्फत गराउन,

(ङ) कानूनले निषेध गरेका कुनै पनि कार्य, हानिकारक हुनसक्ने परम्परागत अभ्यास लगायतमा कुनै बालबालिका एवं बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका सदस्यलाई सहभागी गराउन ।

(४) वडा समितिले वडास्तरमा रहेका बालसमुह तथा वडास्तरीय सञ्जालको सहजीकरणको प्रबन्ध गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले गाउँपालिकास्तरीय बाल सञ्जालको सहजीकरणको प्रबन्ध गर्नु, गराउनु पर्नेछ ।

**१४. बालभेलाको आयोजना गर्न सकिने :**

(१) गाउँपालिकाले बालबालिका तथा बालसमुह वडा वा गाउँपालिकास्तरीय सञ्जालका प्रतिनिधिसमेत लाई आमन्त्रण गरी प्रत्येक वर्ष बालभेला आयोजना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालभेलाको आयोजना गर्दा राती बास बस्नेगरी आफ्नो थातथलोभन्दा अन्यत्र जानुपर्ने भएमा बालबालिकाका आमाबाबु, अभिभावक वा संरक्षकसँग मञ्जुरी लिनुपर्नेछ र अभिभावकलाई हेरालुको रूपमा लैजानु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम हेरालु लैजाँदा बालिकाको हकमा भने महिला नै हुनु पर्नेछ ।

## सरुमारानी गाउँपालिकाको बाल संरक्षण नीति

### १. बाल संरक्षण नीति निर्माण प्रक्रिया

सरुमारानी गाउँपालिकाका जनप्रतिनिधि, सम्बन्धित विषयगत शाखाका प्रमुख/प्रतिनिधि, बालबालिका लगायतको संलग्नतामा बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ र अन्य स्थानीय तहहरुको बाल संरक्षण नीतिलाइ नमूनाको रुपमा आधार मानी सोही खाकाहरुमा थप छलफल पश्चात सरुमारानी गाउँपालिकाका बाल संरक्षणका सवाल तथा समस्याहरु पहिचान गरी बाल संरक्षण नीति तयार भएको छ ।

### २. सरुमारानी गाउँपालिका भित्र बाल संरक्षणका सवालहरु

१) वाल विवाह,

२) बालश्रम,

३) यौन दुर्व्यवहार,

४) अभिभावक विहिन बालबालिका,

५) शारीरिक यातना, सजाय,

६) घरेलु हिंसाका पिडित वा साक्षी,

७) लागू औषध, दुर्व्यसनी र कुलतमा फसेका बालबालिका,

८) Cyber crime बाट प्रभावित र पिडीत बालबालिका,

९) कानुनसंग बाँझिएका बालबालिका,

१०) जन्मदर्ता नभएका बालिबालिका,

११) फरक क्षमता भएका बालबालिका,

१२) बालबालिका बिच भेदभाव, छुवाछुत,

१३) बालबालिका स्वयंबाट हुने हानी,

१४) पारिवारिक समस्या (घरेलु हिंसा लगायत) ।

## ३. बाल संरक्षण नीतिको आवश्यकता

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा गम्भीर एवं नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पिडाजन्य कार्य वा व्यवहारबाट जोगाउनु पर्दछ । उनीहरुमाथी हुने सबै खालका दुर्व्यवहार, हिंसा, शोषण, उपेक्षा, हेलचक्र्याइ, वेवास्ता, भेदभाव तथा नियोजित र अनियोजित हानी नोक्सानीबाट उनीहरुको रक्षा गर्नको लागि बाल संरक्षण नीति आवश्यक छ । अहिले पनि विभिन्न बाहानामा बालबालिकाहरु जोखिममा परिरहेको अवस्था छ , जसका कारण परिवार तथा समाजबाट अलग हुने, हिंसामा परी सामाजिक सेवाको पहुँचबाट टाढा हुने, कुलतमा फस्ने, यौन दुर्व्यवार, शोषण को सिकार हुने तथा वेचविखनमा पर्न सक्ने जस्ता समस्या हुन सक्छ ।

विद्यमान अस्थामा बाल संरक्षणको सवाल अनुसार कानुनको कमजोर कार्यान्वयन र बाल न्याय प्रशासन कम प्रभावकारी रहेको अवस्थामा स्थानीय तहमा बाल संरक्षण संयन्त्रहरुको अहम भुमिका रहेको छ र यसका लागि स्थानीय तहमा क्रियाशिल संघसंस्था, समुदाय स्तरका संयन्त्रहरुलाई व्यापक परिचालन गर्नु जरुरी छ । बाल संरक्षणको क्षेत्रमा गरिएका र आगामी दिनमा गर्नुपर्ने कार्यलाई निश्चित आकार प्रदान गर्न, गाउँपालिकाका सरोकारवालाहरुलाई बालसंरक्षण कार्यमा सक्रिय र दिगो रुपमा सहभागिता जुटाउन, बालबालिका माथी हुने सबै किसिमका बालसंरक्षण सम्बन्धी सवाल र समस्याहरुलाई रोकथाम गरी छिटो र प्रभावकारी रुपमा सम्बोधन गर्नको लागि बालसंरक्षण नीति तयार गरी लागु गर्नु आवश्यक छ ।

सबै संघसंस्था, प्रतिष्ठान, कार्यालय आदिको बालसंरक्षण नीति हुनु आवश्यक छ जसका प्रत्यक्ष वा अप्रत्यक्ष लाभान्वितहरुमध्ये १८ वर्षमुनिका व्यक्तिहरु पनि पर्दछन् । बालबालिका सँग कार्यगर्ने प्रत्येक व्यक्ति, संस्था, प्रतिष्ठान, कार्यालयहरुले आफ्नो कार्यक्षेत्र, दायराभित्रका बालबालिकाको संरक्षण गर्नु नैतिक तथा कानूनी दायित्व हो । बालसंरक्षण नीति तथा प्रक्रियाहरुले बालसंरक्षित संस्था तथा परिवेश निर्माण गर्न सहयोग गर्छ । जसमा बालसंरक्षणका बारेमा सचेत गर्ने गराउने संस्कार हुन्छ, जसले बालबालिकामाथि हुन गइरहेको सुनियोजित वा असुनियोजित हानीहरुको सम्भव भएसम्म रोकथाम गर्छ, जहाँ बालबालिका आफूलाई सुरक्षित महसुस गर्छन्, जहाँ बालबालिका आफ्ना समस्या, विचार भावना

व्यक्त गर्न पाउँछन्, जहाँ बालबालिकालाई सुनिन्छ, जहाँ बालबालिकाको सम्मान हुन्छ र सशक्तीकरण गरिन्छ ।

## ४. बाल संरक्षण नीतिका उद्धेश्यहरु :

१) बालबालिका माथि हुने सबै किसिमका शारीरिक,मानसिक हिंसा, दुर्व्यवहार, बेचविखन, यौनजन्य हिंसा, घरेलु हिंसा, परित्याग, उपेक्षा, बालश्रम, बालविवाह, शोषणबाट बालबालिकालाई संरक्षण गर्ने ।

२) हिंसा तथा वञ्चितीमा परेका बालबालिकालाई सहयोग गर्ने ।

३) जोखिममा परेका र पछाडि पारिएका बालबालिकाहरुको अधिकार हनन हुन नदिने ।

४) बालबालिका प्रतिको विभेद अन्त्य गर्ने ।

५) बालबालिकाको न्यायीक उपचार सुनिश्चित गर्ने ।

६) बाल संरक्षणका क्षेत्रमा प्रत्यक्ष व अप्रत्यक्ष रुपमा कार्यरत सरोकारवालालाई संस्थागत सृदृढीकरणमा परिचालन गर्ने ।

## ५.बाल संरक्षण नीति

सरुमारानी गाउँपालिकामा बालबालिकाको संरक्षणका लागि अवलम्बन गरीने नीतिहरु :

### क) रोकथाममुलक नीतिहरु :

- गाउँपालिकाको आर्थिक, सामाजिक ,भौतिक विकाससँग सम्बन्धित विषयमा बालसंरक्षणको सवाललाई प्राथमिकतामा राखी सम्बोधन गरिनेछ ।
- बाल संरक्षणसंग सम्बन्धीत एक वृहत्तर तथा वहुविषयक आवधिक कार्ययोजना बनाइ लागू गरिनेछ । उक्त योजना तयार गर्दा बालबालिकासँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून, स्थानीय कानूनी प्रावधानको विषयलाई समेटिनेछ ।
- बालबालिकासँग सम्बन्धित सूचना सङ्कलन, विश्लेषण र अद्यावधिक गरिनेछ ।
- बालविवाह र बालप्रेम विवाहलाई निरुत्साहित गर्न बालबालिका र अभिभावक दुबै पक्षलाई सचेतीकरण गरिनेछ ।
- संस्थागत, सार्वजनिक, सामुदायिक विद्यालयहरुमा शिक्षक तथा व्यवस्थापन पक्षबाट बालबालिकालाई शारीरिक तथा मानसिक सजाय नदिइने वातावरण सृजना गर्नका लागि शिक्षा शाखा, प्याबसन, एनप्याबसन , विद्यालयहरुसँग प्रभावकारी समन्वय गरिनेछ ।

- घर परिवार, विद्यालय, सार्वजनिक स्थल तथा समुदायमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार अपहेलना गर्न नपाउने व्यवस्थाको सुनिश्चितका लागि बालबालिकाको संरक्षणका लागि उनीहरुको निकट सम्पर्कमा रहने घर परिवार, टोल विकास संस्था, उद्योग वाणिज्य संघ, समुदायका सदस्य, शिक्षक, स्वास्थ्यकर्मी, सामाजिक कार्यकर्ता, प्रहरी आदिको क्षमता अभिवृद्धि गरिनेछ ।
- आवश्यक कार्यक्रमहरु सञ्चालन गरी बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुर्व्यवहार जस्ता अपराधलाई घर परिवार, शिक्षण संस्था र बालगृहमा हुन नदिने वातावरण सिर्जना गरिनेछ ।
- राजनैतिक दल तथा ट्रेड युनियनको समन्वयमा राजनैतिक प्रयोजनाका लागि बालबालिकालाई प्रयोग नगर्नका लागि अभिप्रेरित गरिनेछ ।
- जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत संघसंस्थासंग समन्वय र सहकार्य बढाइ आवश्यकता अनुसार गाउँपालिका लगायत बालसंरक्षणका क्षेत्रमा कार्यरत संयन्त्रहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालिका तथा किशोरीहरुलाई लक्षित गरी अधिकार तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र हुने आवासीय र गाउँपालिका क्षेत्रबाहिर हुने कुनै पनि कार्यक्रममा बालबालिकालाई सहभागी गराउँदा निज बालबालिकाको अभिभावकबाट लिखित स्वीकृति लिइने व्यवस्था गरिनेछ र सम्बन्धित बालबालिकाको संरक्षणका लागि आचारसंहिता र कार्यजिम्मेबारी सहितको संरक्षककर्ताको व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा इन्टरनेट, इमेल, मोबाइल जस्ता विद्युतीय सेवाप्रदायकहरुलाई साइबर क्राइम (अपराध)का बारेमा सचेत गराइनेछ र उपयुक्त आचारसंहिता तयार गरी सोको प्रभावकारी कार्यान्वय गरिनेछ । साथै सेवाप्रदायकहरुले प्रचलित कानून र आचारसंहिताको उल्लङ्घन गरिएको पाइएमा कारवाहीको दायरामा ल्याइनेछ ।

- आपतकालिन अवस्था (प्रकृतिक प्रकोप तथा मानव सृजित प्रकोप)लाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणलाई पहिलो प्रथमिकतामा राखी पूर्व तयारी सहितको विपद प्रतिकार्य योजना तयार गरी आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

**ख) सम्बोधनमुलक नीतिहरु**

- गाउँपालिका स्तरीय बाल संरक्षण कोष स्थापना गरी जोखिममा परेका बालबालिकालाई तत्काल आपतकालिन सहयोग गरिनेछ ।
- बालसंरक्षणका क्षेत्रमा गाउँपालिका/वडा स्तरीय कार्ययोजना बनाई गाउँपालिका र वडा कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- जोखिममा रहेका बालबालिकाको लागि कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । जसका लागि कानूनसँग नबाझिने गरी बालबालिकालाई विशेष किसिमको शिक्षा, सीपमूलक तालिम र संरक्षणको व्यवस्था गरिनेछ ।
- वालविवाह गर्ने कार्यलाई निरुत्साहित गर्न सुन्य सहनशिलता (Zero Tolerance) नीति लिइनेछ । बालविवाह रोक्न वडा कार्यालय, सरकारी र विकास साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ । वालविवाह र बाल प्रेम विवाहलाई निरत्साहित गर्न बालबालिका र अभिभावकलाई सचेतीकरण गरिनेछ । समुदायमा रहेका धार्मिक गुरुहरु, मुल्मी, पण्डित, पादरी, लामा आदिलाई बालविवाह न्यूनीकरण कार्यमा परिचालन गरिनेछ । सचेतना र परामर्शलाई वेवास्ता गरी वालविवाह गर्ने गराउनेलाई कानुनी रुपमा उल्लेख भएको सजाय भागेदार गराउनको लागि आवश्यक पहल गरिनेछ ।
- बालालिकालाई श्रमिकको रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न सुन्य सहनशिलता ( Zero Tolerance) नीति लिइनेछ । बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ । उद्धार गरिएका बालश्रमीकको व्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ साथै निकृष्ट लगायत सबै प्रकारका बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रम संचालन गरिनेछ । बालश्रमिक राख्ने घरपरिवार तथा उद्योगी व्यवसायीहरुको अभिलेख राखी वडा तथा पालिकाबाट उपलब्ध हुने सेवा र सुविधाबाट वञ्चित गर्ने नीति लिइनेछ ।

- बालालिकाको पहिचानको अधिकार सुनिश्चित गर्ने उपायको रुपमा जन्मदर्तालाई लिइनेछ । गाउँपालिका क्षेत्रभित्र जन्मिएका वा बेवारिसे अवस्थामा फेला परेका कुनै पनि बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्मदर्ता गर्ने व्यवस्था मिलाइनेछ । जन्मदर्ता प्रक्रियालाई सरल बनाइनेछ । जन्मदर्ता सम्बन्धी कानुनी प्रावधान, प्रक्रिया तथा महत्वको विषयमा सबै वडा तथा सरोकारवालाहरुलाई सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिका तथा अभिभावकले बालसंरक्षणका सम्बन्धमा उजुरी गर्ने व्यवस्था गरिनेछ र त्यस्तो उजुरी तथा गुनासाहरुलाई सम्बन्धित निकायमा पुऱ्याउने व्यवस्था गरिनेछ ।
- बालसंरक्षणको अधिकार सुनिश्चित गर्नको लागि तथा प्रतिबद्धता गरिए अनुरुपको काम र योजना सम्पन्न गर्नको लागि पर्याप्त स्रोत तथा बजेटको व्यवस्था गरिनेछ । साथै बजेट बाँडफाँड र विनियोजनमा बालबालिका खास गरी जोखिम परिस्थितिमा रहेका तथा सुविधाविहीन बालबालिकाको संरक्षणका लागि प्राथमिकताका साथ बजेट व्यवस्था गरिनेछ ।
- बालबालिकाको यौन शोषण र यौन दुर्व्यवहारलाई गम्भिर अपराधको रुपमा लिइनेछ । इन्टरनेट, इमेल, फेसबुक लगायतका सामाजिक सञ्जाल, मोबाइल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौन दुर्व्यवहार नहुने गरी सुचना प्रवाह गर्न पहन गरिनेछ भने Cyber Crime लाई निरुत्साहित गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहेका बालबालिकालाई कुनै किसिमको अपहेलनाजन्य कार्य गर्न नपाउने व्यवस्था गरिनेछ ।
- बेबारिसे रुपमा फेला परेका बालबालिका, तिनका आमाबुबा वा अभिभावक वा संरक्षणकर्ताको जिम्मा नलागुन्जेल स्थानीय तहको संरक्षणमा रहने व्यवस्था गरिनेछ ।
- बाबु र आमा दुबै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमा दुबै भइकन पनि पालनपोषण गर्न असक्षम वा परित्यक्त वा बेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ र त्यस प्रकृतिका बालबालिकाको आफ्नै आमाबाबु वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रवर्द्धन गर्न पारिवारिक सहयोग वृत्ति (Sponcership), व्यवसायिक तालिम, जिविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालनका लागि पहल गरिनेछ ।

- स्थानीय तह र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुमार्फत परित्यक्त र बेबारिसे बालबालिकाको बाबुआमा वा पारिवारको खोजी गरिनेछ । बाबुआमा वा परिवार भेटिएमा परिवारमा नै राखी हेरचाह गर्ने उपाय अवलम्बन गरिनेछ ।
- जिल्ला स्तरमा गाउँपालिका समेतको सहयोगमा बालगृह निर्माणका लागि पहल गरिनेछ । बालगृह संचालन निर्देशिका तयार गरि कार्यान्वयन गरिने छ । यस्ता बालगृहमार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रवर्द्धन गरिनेछ ।
- बालबालिका संरक्षणको अभावमा जोखिमपूर्ण अवस्थामा रहेको पाइएमा तुरुन्त उद्धार गरी ट्रान्जिट हाउसमा राख्ने र यथासिघ्र परिवारमा पुर्नस्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । साथै सम्बन्धित बालबालिकाको परिवारलाई परिवारिक सहयोग, मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ भने बालबालिका स्वयंका लागि सामाजिकीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यका लागि जिल्ला समन्वय समिति, प्रहरी कार्यालय, श्रम कार्यालय, ट्राफिक कार्यालय आदिसँग समन्वय गरिनेछ र आवश्यकताअनुसार सञ्जालको निर्माण गरी समन्वयत्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) सिफारिस प्रणाली मुलक नीतिहरु**

- गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहने न्यायीक समिति र स्थानीय बाल अधिकार समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधारविन्दुको रुपमा विकसित गरी राष्ट्रिय बाल अधिकार परिषद् संगको सहकार्यमा थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र समुदायमा आधारित बालसंरक्षणलाई प्राथमिकता दिई विद्यमान संयन्त्रहरुको क्षमता विकास गरी परिचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाको सहज ढङ्गबाट जन्मदर्ता गराउनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवीकाहरुबाट नियमित कार्यक्रम एवम् घरदैलो गर्दा सम्पर्कमा आउने बालबालिकाको जन्मदर्ताको सवाललाई समेत पहिचान गरी जन्मदर्ता कार्यमा सहजीकरण गर्नका लागि सहयोगी भूमिका लिने वातावरणको सृजना गरिनेछ ।
- भारतको खुल्ला सिमाक्षेत्रबाट हुनसक्ने वेचविखन, बालश्रम, लागु पदार्थको ओसार पोसारका विषयलाई सम्बोधन गर्न सम्बन्धित निकायसँग समन्वय गरी सोको न्युनीकरण गरिनेछ ।

- बेचविखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापनाको लागि सम्बन्धित संघसंस्थाहरुसँग प्रभावकारी रुपमा समन्वय गरिनेछ ।
- कानूनको द्वन्द्वमा परेका बालबालिकालाई आवश्यक सहयोग गर्नका लागि जिल्ला कानुनी सहायता समिति, नेपाल बार एशोसियसन लगायतका संस्थाहरुसँग प्रभावकारी समन्वय गरिनेछ।
- बालबालिकसँग सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग मिलेर काम गरिनेछ ।
- बालबालिका उपर हुने विभेद, बालक र बालिका बीच हुने विभेद, जातीय वा सांस्कृतिक विभेद विरुद्ध समुदायमा आधारित संयन्त्रको परिचालन गरी विभेद न्यूनीकरण गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकालाई  सहजताको लागि प्रत्येक विद्यालय तथा सार्वजनिक स्थल र कार्यालयहरुमा अपाङ्गमैत्री वातावरण र पूर्वाधारको व्यवस्था गर्न सम्बन्धित निकाय, संघसंस्थाहरुसँग प्रभावकारी समन्वय गरिनेछ र त्यसका लागि आवश्यक पहल, वातावरण निर्माण आदि गरिनेछ ।
- बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थालाई परिचालन गरिनेछ । बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही प्रक्रियामा लैजानका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि समुदायमा आधारित संघसंस्थाहरुलाई थप जिम्मेबारी दिइनेछ ।
- कानुनको द्वन्द्वमा परेका बालबालिकालाई निःशुल्क कानुनी परामर्श र सहयोग गर्न सम्बन्धित निकाय/संघसंस्थासँग समन्वय गरिनेछ ।
- गाउँपालिका क्षेत्र वाहिरका बालबालिका यस क्षेत्र भित्र अलपत्र परेको अवस्थामा भेटिएमा सम्बन्धीत स्थानीय तह, परिवार वा आफन्तकोमा पुर्नस्थापना गर्न तत्काल पहल गरिने छ ।

**अन्य खाले नीतिहरु**

- बालसंरक्षणका क्षेत्रमा कार्यरत गाउँपालिकास्तरीय, जिल्लास्तरीय तथा प्रादेशिक क्षेत्रभित्र कार्यरत विषयगत कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी बाल संरक्षण कार्यलाइ  थप प्रभावकारी बनाइनेछ ।

- सेवाप्रदायक निकाय, बालबालिका र सरोकारवालाहरु सबैमा बालसंरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ ।
- अधिकारबाट वञ्चितीकरणमा परेका बालबालिकालाई आवश्यकता अनुसार आपतकालीन आश्रय स्थल सहित आवश्यक सेवा उपलब्ध गराइने व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण स्थानीयवासीहरुलाई लक्षित गरी यस क्षेत्रमा क्रियाशिल संस्थाहरु, बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति, टोल विकास समिति लगायत स्थानीय स्तरका बालसंरक्षण संयन्त्रहरुको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।
- बालसंरक्षणको विषयमा कार्यरत स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँगको सहकार्य र समन्वयात्मक कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- सरकारी तथा गैरसरकारी, नीजि क्षेत्र तथा घरपरिवारमा बालश्रमिक प्रयोग नगरिएको सुनिश्चितता गरिनेछ ।
- बालसमुहका सदस्य तथा कुनै पनि बालबालिकालाई बालसंरक्षणको क्षेत्रमा परिचालित हुन सहयोग, सहजीकरण तथा अभिप्रेरित गरिनेछ ।
- बालसमुह लगायत बालबालिका सहभागी हुने कार्यक्रम तथा संयन्त्रमा बालक तथा बालिकाको समान र अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ र बालसंरक्षण आचारसंहितालाई प्रभावकारी रुपमा लागू गर्नका लागि निर्देशन गरिनेछ ।
- बालसहभागिताको परिणाम स्वरुप बालबालिकालाई कुनै हानी वा क्षति पुग्ने छैन भन्ने कुराको सुनिश्चिता गरिनेछ । साथै बालबालिकालाई हानी गर्ने सूचनाहरु भन्न उनीहरुलाई कर गरिने छैन ।
- गाउँपालिका लगायत स्थानीय तह वा समुदाय तहका संघसंस्था वा निकायले आयोजना सञ्चालन गर्दा सो क्षेत्रमा भएका जोखिम परिस्थितिमा रहेका बालबालिकाको अधिकार प्रत्याभूति गर्ने कुरालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- बालसंरक्षणसँग सम्बन्धित कार्यक्रमहरुको अर्धवार्षिक तथा वार्षिक समिक्षा गरी आवश्यकताअनुसार नीति, रणनीति तथा कार्यक्रम आदिमा परिमार्जन गरिनेछ ।

- एच.आइ.भि.संक्रमित तथा प्रभावित बालबालिकाको उचित पहिचान गरी उनीहरुको लागि आवश्यकता अनुसार विशेष कार्ययोजना तयार गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ । अपाङ्गता हुनसक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालविवाहलाई रोक्नका लागि बालिकाहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।
- लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको अध्ययन र सूचना सङ्कलन गरी रोकथामको उपाय गरिनेछ । पुनर्स्थापनाका लागि गै.स.स, निजी क्षेत्रहरुसँग समन्वय गरी उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालय र स्वास्थ्य संस्थाको कम्तिमा १०० मिटर क्षेत्र वरिपरि सुर्तीजन्य र मदिराजन्य सामाग्री विक्रि वितरण कार्य रोक लगाइनेछ । बालबालिकालाई धुम्रपान, मद्यपान खरिद, विक्री वितरण र प्रयोगमा निरुत्साहित गरिनेछ ।
- निकृष्ट लगायत सबै प्रकारको बालश्रमको अन्त्य र नियन्त्रणका लागि थप कार्यक्रमहरु सञ्चालन गरिनेछ र जोखिममा रहेका वा पर्न सक्ने बालबालिकाका लागि उद्धार समन्वय समिति निर्माण तथा परिचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका हरेक निकायहरुलाई अपाङ्गमैत्री बनाउन पहल गरिनेछ ।
- बालसंरक्षणका लागि बालसहभागिता अभिवृद्धि गरिनेछ र स्वयम् बालबालिका तथा बालसमुहहरुबाट बालसंरक्षणका क्षेत्रमा गतिविधिहरु सञ्चालन गर्नका लागि सहजीकरण गरिनेछ ।
- सबै सरोकारवालाहरुबाट बालसंरक्षण आचारसंहिता कार्यान्वयन र अनुगमन गरिनेछ ।

## अनुसूची : १

## बालसंरक्षण र यससँग सम्बन्धित पदावलीहरुको व्याख्या :

**बालसंरक्षणको परिभाषा :**

बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरुलाई जोगाउनु नै बालसंरक्षण हो । अर्को शब्दमा भन्दा बालबालिकामाथि हुने सबै खालका हानी नोक्सानीहरुबाट उनीहरुलाई सुरक्षा दिनु बालसंरक्षण हो । बालसंरक्षणलाई उहिदुशो अर्थात उपेक्षा, हिंसा, दुर्व्यवहार र शोषणबाट बालबालिकालाई जोगाउनु हो भनेर व्याख्या गरेको पनि पाइन्छ ।

बालबालिकामाथि हुन सक्ने हानीहरु देहाय बमोजिम हुनसक्छन् :

१..भेदभाव, २.दुर्व्यवहार,३.यातना वा हिंसा ४.यौन शोषण, ५.बेचविखन र ओसारपसार, ६.बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याइ, ७. अपहरण, ८.बालश्रम शोषण तथा आर्थिक शोषण, ९. परम्परागत हानीकारक अभ्यासहरु (भिक्षु, छाउपडी, सन्यासी, बालविवाह, देउकी, झुमा, कमलरी आदि ।)

### १.भेदभाव

बालबालिकामाथि उसका बाबुआमा, अभिभावकको वा परिवारको आर्थिक वा सामाजिक हैसियत, वर्ग, जातजाति, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा अन्य विचारहरु, जातिय वा सामाजिक उत्पति, सम्पति, अशक्तता, जन्म वा अन्य हैसियत लगायतका आधारमा भिन्न तथा फरक फरक प्रकारको असमान व्यवहार गर्नु भेदभाव हो । त्यस्तै बालबालिकामाथि निजको रुप, शारीरिक वा मानसिक अवस्था, लिङ्ग, रङ्ग वा वर्ण, जाति, धर्म, विचार वा आस्था, भौगोलिक प्रतिनिधित्व (तराई वा पहाड) आदिका आधारमा पनि भेदभाव भएको पाइन्छ ।

### २.दुर्व्यवहार

बालबालिकाको शारीरिक, मानसिक वा बौद्धिक, भावनात्मक वा संवेगात्मक र सामाजिक विकासमा तत्काल वा दीर्घकालीन रुपमा आघात पुर्‍याउने नकारात्मक व्यवहार वा क्रियाकलापहरु बाल दुर्व्यवहार हो । अधिकांश अवस्थामा खासगरी आमाबुबा, अभिभावक वा हेरचाहकर्ताले उपयुक्त स्तरको सेवा तथा संरक्षण दिन नसकेको वा बेवास्ता/लापरवाही गरेको कारणबाट बालबालिकाले दुर्व्यवहार भोग्नु परेको पाइन्छ । प्रायः वयस्कले बालबालिकामाथि दुर्व्यवहार गर्दछन् तर कतिपय अवस्थामा बालबालिकाले पनि

अरु बालबालिकामाथि दुर्व्यवहार गर्न सक्छन् । बालदुर्व्यवहार अन्तर्गत भावनात्मक दुर्व्यवहार, शारीरिक दुर्व्यवहार, यौन दुर्व्यवहार, बेवास्था वा उपेक्षा/हेलचेक्र्याइ, मौखिक दुर्व्यवहार आदि पर्दछन् ।

**३.यातना वा हिंसा**

यातना भन्नाले कुनै पनि कार्य जसले कुनै पनि व्यक्तिबाट आफ्नो वा तेस्रो व्यक्तिका बारेमा सूचना वा सहमति पाउने उद्देश्यका साथ उसलाई शारीरिक वा मानसिक पीडा वा भोगाइ नियतपूर्वक दिइने कार्यलाई बुझाउँछ (यातना वा अरु क्रुर, अमानवीय वा घृणित व्यवहार वा दण्डविरुद्धको महासन्धि १९६९ को धारा १ ले परिभाषित गरे अनुसार) ।

कुनै पनि व्यक्ति, समूह, समाज, राज्य, धर्म, संस्कृतिद्वारा व्यक्तिमाथि शारीरिक र मानसिक क्षति पुग्ने गरी गरिएको व्यवहार व्यक्ति विरुद्धको हिंसा हो । घरभित्र अर्थात आफ्नै परिवारका सदस्यबाट गरिने हिंसा घरेलु हिंसा हो ।

**४.बाल यौन शोषण,**

बालयौनशोषण भनेको त्यस्तो प्रकारको शोषण हो जहाँ वयस्कहरुले आफ्नो यौन तृप्तीका लागि बालबालिकाको दुरुपयोग गर्दछन् । यस्तै कानुनले निषेध गरेको यौनसम्बन्धी पेशा, व्यवसाय तथा कार्यमा बालबालिकालाई लगाएमा त्यस किसिमको अपराधलाई बालयौनशोषण भनिन्छ । यस अन्तर्गत क्याबिन, डान्स रेष्टुरेन्टमा हुने यौनहिंसा तथा देहव्यापार लगायत अन्य प्रकृतिका कामहरुमा बालबालिकालाई संलग्न गराउने कार्यहरुसमेत पर्दछन् । यसै गरी शक्ति, नातासम्बन्ध र विश्वासको दुरुपयोग गरी बालबालिकामाथि यौनआशय झल्कने गरी गरिने कुनै पनि क्रियाकलाप बालयौनशोषण हो । बालयौनशोषण एक दुखदायी र गम्भीर अपराध हो । बालबालिकामाथि हुने एकपटक मात्रको दुर्व्यवहारले पनि उनीहरुलाई दीर्घकालीन रुपमा जीवनभरि नै असर पार्न सक्छ ।

**५.बेचबिखन र ओसारपसार**

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा ४ (१) का अनुसार मानव बेचविखन भन्नाले कुनै पनि उद्देश्यले मानव बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानूनबमोजिम बाहेक मानिसका शारीरिक अङ्ग झिक्ने, वेश्यागमन गर्ने कार्य आदिलाई बुझाउँछ । त्यस्तै सोही ऐनको दफा ४ (२) का अनुसार मानव ओसार पसार भन्नाले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले शरीरिक वा मानसिक रुपमा दवाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा

व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मञ्जुरीविना नेपालभित्रको कुनै ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई जनाउँछ ।

**६.बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याइ,**

बालबालिकालाई लगातार रुपमा वा गम्भीर किसिमले ठण्डी, भोकमरी वा अन्य कुनै खतराको सम्मुख वेवास्तापूर्वक छोड्नु तथा स्याहारसुसारको महत्वपूर्ण पक्षमा गम्भिर त्रुटि हुनुको परिणाम स्वरुप उसको स्वास्थ्य तथा विकासमा सोचनीय समस्या आउनुलाई वेवास्ता वा हेलचेक्र्याई मान्न सकिन्छ । हेलचेक्राई सुनियोजित वा अन्य किसिमको पनि हुनसक्छ । यो बालसंरक्षणको एक गम्भीर चुनौति हो । उदाहरणका लागि खोप लगाउने समयबारे सचेत अभिभावकहरु छोरी भएकै कारण खोप लगाउन लादैनन्, लामो समयसम्म विरामी परेका बालबालिकाले उपचार पाउँदैनन् भने यसलाई वेवास्ता वा हेलचेक्राईको रुपमा लिन सकिन्छ ।

**७. अपहरण,**

कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर, त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, भ्fुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जुरीविना वा नाबालक र मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको हितका निमित्त निजको बाबुआमा वा संरक्षकको मञ्जुरीबाहेक कुनै ठाउँमा लैजान हुँदैन र सो गरे अपहरण गरेको मानिनेछ ।

**८.बालश्रम शोषण तथा आर्थिक शोषण,**

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो । नेपालमा कानुनले बालबालिकालाई उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरु तोकेको छ । अर्थात १४ वर्ष उमेर नपुगेका बालबालिकालाई कुनै पनि श्रममा लगाउन नपाइने तथा १४ वर्ष पूरा गरेका बालबालिकालाई प्रकृया पुऱ्याएर हप्ताको ६ दिन दैनिक ६ घण्टामध्ये आधा घण्टा विश्राम पाउने गरी कानूनले तोकेको काममा लगाउन पाउने प्रावधान रहेको छ ।

कानूनले तोकेकोभन्दा कम उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनुलाई बालश्रमशोषण भनिन्छ । यो एक अपराध पनि हो । नेपालको सन्दर्भमा १८ वर्षमुनिका बालबालिकाले उनीहरुको स्वास्थ्य,

शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने काम बालश्रम हो । बालबालिकालाई सामाजिकीकरण गर्न, सीपहरु सिक्न, सिकाउनका लागि तथा उनीहरुको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्यालयमा वा समाजमा गरिने काम जसले उनीहरुको शारीरिक, मानसिक विकासमा नकारात्मक असर गर्दैन भने त्यसलाई बालश्रम भनिदैन । यस्ता कामहरुले बालबालिकालाई कुनै पनि अन्तर्राष्ट्रिय कानूनहरुले सुनिश्चित गरेका अधिकारहरुमाथि हस्तक्षेप गर्दैनन् ।

आइएलओ आइपेकले द्रुत मूल्याङ्कन पद्धतिबाट गरिएको एक अध्ययन अनुसार नेपालमा ७ प्रकारका बालश्रमलाई निकृष्ट प्रकारका बालश्रम भनी पहिचान गरिएको छ । जस अनुसार बालभरिया, सडक बालबालिका, बालबालिकाको बेचविखन, बालबँधुवा बालश्रम, घरेलु बालश्रमिक, ईँटाभट्टामा काम गर्ने बालश्रमिक, कोइला वा अन्य खानीमा काम गर्ने बालबालिका आदि पर्दछन् ।

## अनुसुची २ : बालश्रमिक सम्बन्धी नीतिगत व्यवस्था :

श्रमका लागि न्यूनतम उमेर निर्धारणसम्बन्धी आइएलओ महासन्धि नं. १३८ ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएको राष्ट्रहरुका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने व्यवस्था छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी महासन्धि नं. १८२ ले बालबालिकालाई जोखिमयुक्त प्रकारका बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने र जोखिमयुक्त बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरुलाई समाजमा पुनर्स्थापना गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्ने तथा जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यावसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ ।

बालश्रम (नियमित र निषेधित गर्ने) ऐन २०५६ ले १४ वर्ष नपुगेका बालबालिकालाई श्रमिकका रुपमा लगाउनु हुँदैन तर यसले बालबालिकाले घरपरिवारमा गर्ने मद्दतलाई निषेध गरेको रुपमा बुझ्नु हुँदैन । यस ऐनले १४ वर्षमाथिका बालबालिकालाई ऐनले तोकेका श्रममा लगाउन पाउने र सोका लागि दफा ९ मा काम लगाउने समय तोकेको छ, जुन यस प्रकार रहेको छ :

१. बालकलाई बेलुका ६ बजेपछि विहान ६ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन ।

२. बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक हप्तामा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन ।

३. बालकलाई प्रत्येक दिन लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक हप्तामा एक दिन विदा दिनु पर्नेछ ।

४. उपदाफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक हप्ताको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ ।

५. एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

- कसैले पनि बालबालिकालाई ललाईफकाई, झुक्याई, डर, त्रास, प्रलोभन, दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रुपमा काममा लगाउन हुँदैन (दफा ४) । इच्छाविपरित काममा लगाएमा १ वर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुबै सजाय हुनेछ (दफा १९ को उपदफा २) ।
- १६ वर्षसम्मका कुनै पनि बालबालिकालाई हलुका खालको काममा मात्र लगाउनुपर्दछ । ऐनको अनुसूचीमा उल्लेख भएबमोजिमको जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन (दफा ३ को उपदफा २) । कसैले यस्तो जोखिमपूर्ण काममा बालबालिकालाई लगाएमा १ वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।
- जोखिमपूर्ण व्यवसाय वा कार्यसञ्चालन गरिरहेको वा गर्ने व्यवस्थापकले तोकिएबमोजिमको विवरण श्रम कार्यालयमा दिनुपर्नेछ (दफा ५) । सो नदिएमा १ महिना कैद वा ३ हजारसम्म जरिवाना वा दुबै सजाय हुनेछ (दफा १९ को उपदफा ४) ।
- प्रतिष्ठनमा बालबालिकालाई श्रमिकका रुपमा काममा लगाउनुअघि श्रम कार्यालयमार्फत चिकित्सकद्वारा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनुपर्नेछ (दफा ७) । प्रष्ठिानले श्रमिकका रुपमा काम गर्ने कुनै पनि बालबालिकालाई लिंग, वर्ण, धर्म जातजातिका आधारमा कुनै पनि भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनुपर्नेछ (दफा १० को उपदफा १) । यस विपरित कुनै काम गरेमा निजलाई २ महिनासम्म कैद वा ५ हजारसम्म जरिवाना वा दुबै सजाय हुनेछ (दफा १९ को उपलफा ३) ।

**ऐनको दफा ३ को उपदफा (२) सँग सम्बन्धित जोखिमपूर्ण व्यवसाय वा कामहरु**

क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुराँ, बार, पब, रिसोर्ट, स्किइङ, ग्लाइडिङ, बाटर ऱ्याफि्टङ, केबलकार कम्प्लेक्स, पोनी ट्रेकिङ, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ, प्यारासेलिङ, गल्फकोर्स, पोलो, अश्वारोण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरु,

ख) कार्याशाला, प्रयोगशाला, पशुपधशाला, शीतभण्डार आदि सेवामुलक व्यवसायहरु,

ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरु,

घ) चुरोट, बिडी बनाउने, गलैचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने, तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ, विष्फोटक पदार्थ तथा अन्य आगजन्य पलदार्थहरुको उत्पादन र बिक्रीवितरण, साबुन उत्पादन, बिटुमिन उत्पादन, बियर, मदिरा तथा अन्य पेय पदार्थहरुको उत्पादन, सबुन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, कीटनाशक औषधी उत्पादन, लुब्रेकेटिङ तेल उत्पादलन, फोहोर मैला सङ्कलन, प्रशोधन तथा इलेक्ट्रोप्लोटिङ, फोटो प्रोसेसिङ, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरु,

ङ) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्यास, बायोग्यास तथा त्यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरु,

च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्यासको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरु,

छ) रिक्सा वा ठेलागाडा,

ज) कटिङ मेसिकन जस्ता कार्यहरु,

झ) जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरु,

ञ) रसायनिक पदार्थहरुसँग सम्पर्क हुने कार्यहरु,

ट) प्रचलित कानूनबमोजिम तोकिएका अन्य जोखिमपूर्ण कार्यहरु

९. परम्परागत हानीकारक अभ्यासहरु (भिक्षु, छाउपडी, सन्यासी, बालविवाह, देउकी, झुमा, कमलरी आदि ।)

## अनुसुचि : ३ बालबालिकाको हक :

नेपालको संविधान (२०७२) को भाग ३ मा मौलिक हकको रुपमा धारा ३९ मा उल्लेखित बालअधिकार अन्तर्गत बालसंरक्षणसँग सम्बन्धित प्रावधानहरु :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## अनुसुची ४ बालअधिकार महासन्धिमा व्यवस्था भएका बालसंरक्षण सम्बन्धि धाराहरु :

धारा २: यो महासन्धि जुनसुकै जात, धर्म, क्षमता भएका अथवा उनीहरुले जे सोच्ने वा भन्ने गरेको र जुनसुकै परिवारबाट उनीहरु आएका भए पनि सबैमा यो लागु हुन्छ ।

धारा ३: बालबालिकासँग सम्बन्धीत सबै संघसंस्थाहरुले हरेक बालबालिकाका लागि सबैभन्दा राम्रो कुरा के हुन्छ त्यसतर्फ काम गर्नुपर्छ ।

धारा ७: सबै बालकालिकालाई कानुनी रुपमा आफ्नो नाम र राष्ट्रियता दर्ता गरिने अधिकार छ । साथै यसबारे थाहा पाउने र सम्भव भएसम्म उनीहरुका बाबुआमाबाटै हेरचाह पाउने अधिकार छ ।

धारा ८: सरकारले बालबालिकाहरुको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध सम्बन्धी अधिकारको सम्मान गर्नुपर्छ ।

धारा ९: बालबालिकालाई उनीहरुको हित हुने अवस्थामा बाहेक उनीहरुलाई बाबुआमाबाट अलग गर्नुहुँदैन । उदाहरणको लागि बाबु वा आमाबाट दुर्व्यवहार वा अपहेलना गरिएका बाहेक कुनै बालबालिकालाई उनीहरुको बाबुआमाबाट अलग गरिएको छ भने उनीहरुलाई हानी पुग्ने अवस्थामा बाहेक उनीहरुले बाबुआमा दुवैजनाको सम्पर्कमा रहन पाउने अधिकार छ ।

धारा ११: बालबालिकालाई उनीहरुको आफ्नो देशबाट अवैध रुपमा लग्नबाट रोक्न सरकारले कदम चाल्नुपर्छ ।

धारा १६: बालबालिकालाई गोपनीयताको हक छ । कानुनले उनीहरुलाई उनीहरुको जीवन पद्धति, उनीहरुको नाम, परिवार, उनीहरुको घर विरुद्ध हुने आक्रमणबाट जोगाउनु पर्छ ।

धारा १८: बाबुआमा दुवैले आफ्ना बालबालिका हुर्काउने जिम्मेवारी बहन गर्नुपर्छ र हरेक बालबालिकाका लागि सबैभन्दा राम्रो कुरा के हो भन्ने बिषयमा सधैं ख्याल गर्नुपर्छ । सरकारले बाबुआमालाई उनीहरुका बालबालिकालाई सहयोग पुग्ने खालको सेवा दिएर सहयोग गर्नुपर्छ ।

धारा १९: सरकारले बालबालिकाको राम्रोसँग हेरबिचार भएको, उनीहरुको बाबुआमा वा अरु हेरचाह गर्ने व्यक्तिबाट हुने हिंसा, दुर्व्यवहार र उपेक्षाबाट जोगिएका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

धारा २०: आफ्नो परिवारबाट राम्रोसँग हेरचाह हुन नसकिएको बालबालिकालाई राम्रोसँग हेरबिचार हुने व्यवस्था गरिनुपर्छ ।

धारा २१: बालबालिकालाई धर्मपुत्र-पुत्रीका रुपमा ग्रहण गरिने बेलामा पहिलो नासो उनीहरुका लागि के उत्तम हुन्छ भन्ने नै हुनुपर्छ । यो नियम सबै बालबालिकाका लागि लागू हुनुपर्छ चाहे उनीहरु आफू जन्मिएकै देशमा छन् वा अन्य मुलुकमा बस्नका लागि लगिएका छन् ।

धारा २२: शरणार्थीका रुपमा कुनै देशमा आएका बालबालिकाका लागि पनि सोही देशमा जन्मिएका बालबालिकाको जस्तै अधिकार हुन्छ ।

धारा २३: कुनैपनि प्रकारको अपाङ्ग भएका बालकालिकालाई विशेष हेरचाह र सहयोग आवश्यक हुन्छ जसले गर्दा उनीहरु पूर्ण र स्वतन्त्रत जीवन बिताउन तर्फ सक्षम रहून् ।

धारा २५: बालबकालिकाहरु जसको हेरचाह उनीहरुको अभिभावकहरुबाट नभई उनीहरुका स्थानीय निकायबाट भएको हुन्छ त्यस्तो अवस्थामा उनीहरुका बारेमा नियमित समीक्षा हुनुपर्छ ।

धारा २६: अभावमा रहेका बालबालिकाको परिवारलाई सरकारले थप सेवा उपलब्ध गराउनुपर्छ ।

धारा २७: बालबालिकालाई उनीहरुको शारीरिक र मानसिक आवश्यकतालई पर्याप्त हुने खालको गुणस्तरीय जीवन यापन गर्ने अधिकार छ । यस किसिमको सुविधा दिन नसक्ने परिवारलाई सरकारले सहयोग गर्नुपर्छ ।

धारा ३२: सरकारले बालबालिकाका लागि खतरा हुने वा उनीहरुको शिक्षा र स्वास्थ्यलाई नोक्सान पुऱ्याउन सक्ने खालको कामबाट जोगाउनुपर्छ ।

धारा ३३: सरकारले खतर्नाक लागू औषधबाट बालबालिकालाई जोगाउनु उपाय उपलब्ध गराउनुपर्छ ।

धारा ३४: सरकारले बालबालिकालाई उनीहरु माथि हुने यौन दुर्व्यवहारबाट संरक्षण गर्नुपर्छ ।

धारा ३५: सरकारले बालबकालिकालाई अपहरण हुन वा बेचिनबाट जगाउनुपर्छ ।

धारा ३६: बालबालिकालाई उनीहरुको विकासमा असर पुग्ने खालका कुनै पनि गतिविधिबाट सुरक्षित राख्नुपर्छ ।

धारा ३७: कानुन तोड्ने बालबालिकालाई निर्दयी किसिमको व्यवहार गर्नु हुँदैन । उनीहरुलाई जेलमा वयस्क मानिसहरुसँगै राखिनु हुँदैन र उनीहरुलाई आफ्नो परिवारसँग सम्पर्कमा राख्नुपर्छ ।

धारा ३८: सरकारले १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सेनामा भर्ती हुन अनुमति दिनुहुँदैन । युद्ध क्षेत्रमा रहेका बालबालिकालाई विशेष खालको संरक्षण गर्नुपर्छ ।

धारा ३९: अपहेलना वा दुर्व्यवहार खेपेका बालबालिकाको आत्मसम्मानको बहालीको विशेष सहयोग पाउनुपर्छ ।

धारा ४०: कानून विपरित काम गरेको आरोप लागेका बालबालिकाले कानुनी सहयोग पाउनुपर्छ । गम्भीर अपराध गरेका बालबालिको लागि मात्रै सजायको व्यवस्था गर्नुपर्छ ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मितिः २०८१।३।२३